## सम्माननीय राष्ट्रपतिज्यू समक्ष लोक सेवा आयोगले पेश गरेको सन्ताउन्नौं वार्षिक प्रतिवेदन सम्बन्धी

# प्रेस विज्ञप्ति

(२०७३ मंसीर १७ गते शुक्रवार)

आज मिति २०७३ मंसिर १७ गते शुक्रवारका दिन लोक सेवा आयोगका माननीय अध्यक्ष उमेशप्रसाद मैनालीले नेपालको संविधानको धारा २९४ वमोजिम लोक सेवा आयोगको सन्ताउन्नौ वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७२/७३) राष्ट्रपति कार्यालय, शितल निवासमा एक समारोहकाबीच सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष प्रस्तुत गर्नुभयो ।

प्रतिवेदन ग्रहण गर्दै राष्ट्रपतिज्यूले आयोगले आफ्नो वार्षिक प्रतिवेदन बुझाएकोमा लोक सेवा आयोगका अध्यक्ष, सदस्यहरु तथा सम्पूर्ण कर्मचारीहरुलाई बधाई तथा धन्यवाद दिनुभयो । सम्माननीय राष्ट्रपतिज्यूले संविधानले आयोगको कार्यक्षेत्र विस्तार गरेको छ, कार्य क्षेत्र बिस्तार गर्नुको तात्पर्य आयोगले जनताको विश्वास पाएको, पवित्रता कायम गर्न सकेको प्रमाण हो भन्ने मलाई लागेको छ भन्नुभयो । उक्त अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले आयोगले संविधानप्रदत कार्य समयमा नै सम्पादन गर्न सकेको र जनताको विश्वास निरन्तर आर्जन गरेकोमा खुसी व्यक्त गर्नुभयो । राष्ट्रपतिज्यूले आयोगले जस्तोसुकै कठिन परिस्थिति, राजनैतिक तरलता भएको अवस्थामा पनि मुलुक चलाउने स्थायी सरकार निर्माणका लागि उम्मेदवार छनौट गर्ने गहन जिम्मेवारी निभाएकोमा प्रशन्नता व्यक्त गर्दै निजामती कर्मचारी प्रवेश गर्ने ढोका भएकाले निजामती सेवामा देखिएका समस्याहरु बुझी समाधानका लागि आयोगले समयमा नै ध्यान दिनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रपतिज्यूले प्रतिवेदनमा सरकारी सेवामा प्रवेश गर्न महिलाहरु बढी इच्छुक भएको तर सेवा प्रवेशमा भित्रिने क्रम भने कम रहेको देखिएकोले निजामती सेवामा उनीहरुको सहभागिता वृद्धि गर्न महिलाहरुको दक्षता अझै अभिवृद्धि गर्ने गरी प्रशिक्षण दिन सके राम्रो हुने सुझाव दिनुभयो । आयोगले उच्च प्रविधि प्रयोग गरि कार्य सम्पादनलाई अझ सशक्त र पारदर्शी बनाउनु पर्नेमा जोड दिनुभयो । आयोगले संविधानको मर्म र भावनाअनुरुप उत्तरदायी भई काम गरेकोमा र भविष्यमा पनि यस्तै सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

सो अवसरमा आयोगका माननीय सदस्यहरु बिन्द्रा हाडा (भट्टराई), डा. गोविन्दप्रसाद कुसुम , श्रीपुरुष ढकाल, अशोककुमार झा, ब्रहम देव राय, कृष्णचन्द्र झा, आयोगका सचिव मधुप्रसाद रेग्मी, राष्ट्रपतिको कार्यालयका सचिव भूपेन्द्रप्रसाद पौडेल, प्रमुख स्वकीय सचिव भेषराज अधिकारी, विज्ञहरु माधव शर्मा, जगन्नाथ महासेठ, स्वकीय सचिव विमला पौडेल राई लगायत आयोग र राष्ट्रपतिको कार्यालयका उच्च अधिकारीहरुको उपस्थिति रहेको थियो ।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको प्रतिवेदन प्रस्तुत गर्दै लोक सेवा आयोगका माननीय अध्यक्ष उमेशप्रसाद मैनालीले प्रतिवेदन अवधिमा रिक्त पदपूर्तिका लागि प्राप्त माग तथा प्रकाशित विज्ञापन, लिखित परीक्षा व्यवस्थापन, अन्तवार्ता र सिफारिस, समावेशी उम्मेदवारको छनौट व्यवस्था, परामर्श तथा विभागीय सजाय, निरीक्षण, परीक्षण प्रविधि, पाठ्यक्रम र शैक्षिक योग्यता, सुरक्षा निकाय र संगठित संस्थाको पदपूर्ति सम्बन्धि विषयहरु, आयोगका सुधार प्रयासहरु, आयोगले दिएको परामर्शको कार्यान्वयन तथा पदपूर्ति सम्बन्धी अन्य विषयमा आयोगका गम्भिर ध्यानाकर्षण भएका विषयहरु, पदपूर्ति संवन्धी विषयहरुमा आयोगले अनुभूत गरेका विसंगतिहरु, सरकारी सेवामा भविष्यमा गर्नुपर्ने सुधारहरु तथा नेपालको संविधान कार्यान्वयनको प्रगती प्रतिवेदनमा समेटिएको जानकारी दिनुभयो ।

यस आर्थिक वर्षमा आयोगले निजामती सेवाका रिक्त रहेका १३ हजार १ सय १२ पदका लागि ३ हजार १ सय ७६ वटा विज्ञापन तथा सूचनाहरू प्रकाशन गरेको थियो । जसका लागि जम्मा ५ लाख ९५ हजार ३१ जना उम्मेदवारहरुको दरखास्त पर्न आएका थिए । कुल दरखास्तमध्ये महिला उम्मेदवारको संख्या ५३.५ प्रतिशत अर्थात ३ लाख १८ हजार ५ सय ३ रहेको थियो भने पुरुष उम्मेदवारको संख्या ४६.५ प्रतिशत अर्थात २ लाख ७५ हजार ८ सय ७७ रहेको थियो । निजामती सेवाका विभिन्न पदहरुका लागि दरखास्त दिनेमा महिला पछि विगत वर्षहरुको तुलनामा मधेशी समुदाय र पिछडिएको क्षेत्रको सहभागिता बृद्धिउन्मुख रहेको पाईन्छ । त्यस्तै दरखास्त दिने उम्मेदवारहरुको उमेरको आधारमा हेर्दा २१-२५ वर्ष र २६-३० वर्ष समूहका उम्मेदवार क्रमश: ३८ र ३० प्रतिशत रहेको देखिन्छ । विकासक्षेत्रको आधारमा हेर्दा पूर्वाञ्चलबाट २४ प्रतिशत, मध्यमाञ्चलबाट २८.८ प्रतिशत, पश्चिमाञ्चलबाट २० प्रतिशत, मध्यपश्चिमाञ्चलबाट १६.९ प्रतिशत र सुदूरपश्चिमाञ्चल विकासक्षेत्रबाट ९.६ प्रतिशत उम्मेदवारहरुले विभिन्न पदको लागि दरखास्त दिएको देखिन्छ । त्यस्तै, जातिगतरुपमा हेर्दा लोक सेवा आयोगका परीक्षाहरुका लागि दरखास्त दिने प्रमुख दश जातिहरुमा ब्राह्मण, क्षेत्री,

मगर, थारु, यादव, नेवार, राई, तामाङ, तेली र कामी रहेको पाइन्छ भने मातृभाषाको आधारमा हेर्दा नेपाली, मैथिली, थारु, भोजपुरी र नेवारी मातृभाषा हुनेको संख्या उच्च पाँच स्थानमा रहेको देखिन्छ ।

आयोगले विभिन्न श्रेणी र तहका राजपत्रांकिततर्फ १ हजार ६७ र राजपत्र अनंकिततर्फ ४ हजार ५ सय ७१ गरी जम्मा ५ हजार ६ सय ३८ उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिश गरेको थियो । जसमा पुरुषको सिफारिश प्रतिशत ६२ प्रतिशत र महिलाको सिफारिश प्रतिशत ३८ प्रतिशत रहेको थियो । दरखास्त दिने महिलाहरु पुरुषको तुलनामा धेरै भए पनि नियुक्तिका लागि सिफारिश भने महिलाको भन्दा पुरुषको बढी रहेको देखिन्छ । निजामती सेवामा नियुक्तिका लागि सिफारिश भएको जिल्लागत तथ्यांकले देशका प्रत्येक जिल्लाहरुवाट निजामती सेवाका लागि उम्मेदवारहरुको सिफारिश भएको देखाएको छ । त्यसैगरी समावेशी समूहतर्फ ४ हजार २ सय ७७ पदको लागि २ लाख ७२ हजार ८५ उम्मेदवारहरूले दरखास्त फाराम भरेका थिए जसमध्ये २ हजार ३ सय ३८ उम्मेदवारहरू नियुक्तिको लागि सिफारिश भएको तथ्यांकले देखाएको छ ।

यस अवधिमा आयोगबाट विभिन्न सरकारी निकायबाट विभागीय कारवाहीका लागि परामर्श माग भएकोमध्ये सामान्य सजाय अन्तर्गत ४२ जनालाई नसिहत दिन, २९ जनालाई तलब वृद्धि रोक्का गर्न, ९ जनालाई बढुवा रोक्का गर्न तथा विशेष सजाय अन्तर्गत ३९ जनालाई भविष्यमा निजामती सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने परामर्श दिईएको थियो । साथै, आयोगले बढुवा उजूरीतर्फ बढुवा सूचना उपर परेका ३१ वटा उजूरीमा सुनुवाइ गरी टुङ्गो लगाएको थियो भने आयोग समेतलाई विपक्षी बनाई दायर भएका ४९ वटा रिट निवेदनको सम्मानित अदालतमा लिखित जवाफ समेत पठाइएको थियो । नेपालको संविधान कार्यान्वयनमा आएपछि लोक सेवा आयोगले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको २८ वटा संगठित संस्थाहरुको पनि लिखित परीक्षा सञ्चालनको कार्य प्रारम्भ गरिसकेको छ ।

आयोगका परीक्षाहरुमा अधिक संख्यामा उम्मेदवारहरूको सहभागिता वृद्धि गर्ने उद्देश्यले आयोगका काम कारवाहीलाई प्रविधियुक्त बनाउने प्रारम्भ गरि दरखास्त व्यवस्थापनलाई व्यवस्थित गर्ने, दरखास्तमा धेरै उम्मेदवारहरूको पहुँच वृद्धि गर्ने र दरखास्त दिने/लिने कार्यलाई सहज, सरल बनाउने उद्देश्यले आयोगले आर्थिक वर्ष ०७२/७३ देखि सम्पूर्ण विज्ञापन प्रकाशन तथा सबै विज्ञापनहरुको दरखास्त अनलाईन माध्यमबाट संकलन गर्ने कार्य गरेको छ । आयोगले परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षणका क्षेत्रमा महत्वपूर्ण सुधार गरेको छ भने पदको कार्यविवरण र उम्मेदवारहरुको न्यूनतम शैक्षिक योग्यताको आधारमा परीक्षाहरुको पाठ्यक्रममा समसामयिक सुधार कार्यलाई निरन्तर प्रदान गर्दै आएको छ । परीक्षाहरुमा उम्मेदवारहरुको सहज पहुँच पुऱ्याउन आयोगको कार्यालय नभएका दूरीका हिसाबले टाढा भएका हुम्ला र डोल्पा तथा बढी जनघनत्व भएको सिरहाको लाहानमा केही राजपत्र अनंकित श्रेणीका पदहरुको लागि थप परीक्षा केन्द्र सञ्चालनमा ल्याइएको छ । वस्तुगत उत्तरपुस्तिकाको परीक्षण अप्टिकल मार्क रिडर प्रणालीवाट गर्ने गरिएको छ । राजपत्रांकित श्रेणीका केही पदहरुको उत्तरपुस्तिकाको परीक्षण दुई विज्ञबाट गराउने व्यवस्था प्रारम्भ गरिएको छ । आयोगले परीक्षण प्रणालीलाई थप वैज्ञानिक बनाउन उच्च तहका पदहरुका लागि “एसिस्मेण्ट सेन्टर मेथोडोलोजी” क्रमशः लागू गर्न थालेको छ । साथै सुरक्षा निकाय समेत गरी संगठित संस्थाहरुमा पदपूर्तिसम्बन्धी कार्य तथा पदपूर्ति कार्यलाई थप व्यवस्थित गर्न आयोगको सिद्धान्त र मर्मअनुरुप सम्बन्धित निकायहरुको सहमतिमा पदपूर्ति सम्बन्धी नीति तय गर्ने कार्य पनि सम्पन्न भएको छ ।

प्रतिवेदन पेश गर्न समय उपलब्ध गराइदिनु भएकोमा लोक सेवा आयोगका माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिज्यू समक्ष हार्दिक आभार व्यक्त गर्नुभयो । साथै आयोगका अध्यक्षज्यूले आयोगका विभिन्न कामहरुमा विशेषज्ञ सेवा प्रदान गर्नुहुने महानुभावहरु, परीक्षा सञ्चालनका लागि परीक्षा भवन उपलब्ध गराइदिनुहुने निकायहरु एवं परीक्षामा संलग्न परीक्षार्थीहरु तथा आयोगलाई रचनात्मक सुझाव र सहयोग दिनुहुने सबैप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्नुभयो ।

२०७३।८।१०

**लक्ष्मी विलास कोइराला**
**सहसचिव एवं प्रवक्ता**
**लोक सेवा आयोग**